कास्की जिल्ला अदालत
पोखरा
२०२१

# कास्की जिल्ला अदालतबाट जारी भएको

## विज्ञप्ति

मिति २०७८/११/०९

कास्की जिल्ला अदालत बार एसोसियसनको नामबाट मिति २०७८।११।६ गते सार्वजनिक भएको प्रेस विज्ञप्ति र उक्त विज्ञप्तिप्रति खेद प्रकट गरी यस अदालतका कर्मचारीहरूबाट मिति २०७८।११।०८ मा सामूहिक रूपमा जारी भएको विज्ञप्ति तथा यस सम्बन्धमा विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत संप्रेषित समाचार तथा सूचनाहरूप्रति यस अदालतको गम्भीर ध्यानाकर्षण भएको छ । यसै सन्दर्भमा मिति २०७८।११।९ मा बसेको माननीय न्यायाधीशहरू, नेपाल बार एसोसियसनका केन्द्रीय उपाध्यक्ष र सदस्य, नेपाल कानून व्यवसायी परिषद्का केन्द्रीय पार्षद, उच्च अदालत बार एसोसियसनका अध्यक्ष र सचिव, कास्की जिल्ला अदालत बार एसोसियसनका अध्यक्ष र सचिव एवं वरिष्ठ अधिवक्ताहरू समेतको उपस्थितिमा यस अदालतमा बसेको बार–बेञ्चको संयुक्त बैठकमा कास्की जिल्ला अदालत बार एसोसियसनको नाममा मिति २०७८।११।०६ मा जारी भएको विज्ञप्तिमा उल्लेखित "***जाहेरीको बहानामा पक्राउ पुर्जीको अनुमति अदालतबाट दिने हो भने अदालत र बारको सम्बन्ध सुमधुर भइरहने अपेक्षा गर्न सकिदैन, बार इकाईलाई बेखबर गराउनु उपयुक्त हुँदैन, उल्लेखित काम कारबाही अत्यन्तै आपत्तिजनक, कानून व्यवसायीको पेसालाई दीर्घकालीन प्रभाव पार्ने प्रकृति र उद्देश्यसाथ नियोजित तवरबाट भएको***" भन्ने जस्ता वाक्यांशहरू सम्मानित अदालतलाई लक्षित गरी नलेखिएको, उक्त वाक्यांशहरू भूलवस पर्न गएको तथा अदालतमा कार्यरत माननीय न्यायाधीशहरू, कार्यरत कर्मचारीहरू समेतलाई आक्षेप लगाउने मनसाय बारको नभएकोले आगामी दिनमा यस्ता कुराहरू नदोहोरिने, सम्मानित अदालतबाट हुने गरेका न्यायीक कामकारबाहीलाई लिई वक्तव्य प्रकाशित गर्ने, समाचार तथा सूचनाहरू संप्रेषित गर्ने जस्ता कार्यमा अत्यन्त संवेदनशील रहनुका साथै बार, बेञ्च र अदालतको सम्बन्ध सदा सुमधुर राख्ने प्रतिवद्धता बारका तर्फबाट व्यक्त भएको परिपेक्ष्यमा आइन्दा यस अदालतबाट सम्पादन हुने र न्यायीक कामकारबाहीप्रति कुनैपनि विज्ञप्ति सार्वजनिक गर्दा, सूचना वा समाचार संप्रेषित गर्दा अदालतको मर्यादा र गरिमामा असर नपर्ने कार्य हुनेतर्फ सम्बन्धित सबैको ध्यानाकार्षण गर्दै यो विज्ञप्ति जारी गरिएको छ ।

२०७८।११।०९

नवराज दंगाल

स्रेस्तेदार

स्रेस्तेदार
उपसचिव